नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# विद्युत विकास विभाग

(अनुमतिपत्र महाशाखा)

फोन नं. ४५३४११९
४५११५३७
४५१९५०१

फ्याक्स (९७७-१)-४५३९९०३
पोष्ट बक्स नं. २५००७
सानोगौचरण काठमाडौं, नेपाल


पत्र संख्या :- ०८१/८२
च. नं. :- २५०४

मितिः २०८२/०३/२२

श्री राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग,
काठमाण्डौ, नेपाल।
सम्पर्कः ०१-५३२०९१२, ०१-५३२०९१२।
इ-मेलः *info@dnpwc.gov.np* /

**विषयः जानकारी उपलब्ध गराइदिने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा संरक्षित क्षेत्रमा पूर्वाधार निर्माणको लागि जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८० को अनुसूची-५ बमोजिम श्री मल्टी इनर्जी डेभलपमेन्ट प्रा. लि.बाट प्रवर्द्धित लांगटांग खोला जलविद्युत आयोजनाको संरचना लाङ्टाङ राष्ट्रिय निकुन्जमा आंशिक रुपमा पर्ने भनि न्यूनतम जलप्रवाह ३०% छोडी बाँकी हुने पानी उपयोग गरी आयोजनाको जडित क्षमता २० मे.वा. बाट ३० मे.वा.मा संसोधनको निवेदन प्राप्त भएको छ।

राष्ट्रिय निकुन्जमा आंशिक रुपमा संरचना पर्ने आयोजनाले न्यूनतम जलप्रवाह २५% र पूर्ण रुपमा संरचना पर्ने आयोजनाले न्यूनतम जलप्रवाह ३०% पानि छोड्नु पर्ने व्यवस्था रहेको हुनाले सो विषय निक्यौंल गर्न यस विभागको मिति २०८२/०३/१७ को निर्णायानुसार तपशिल-१ मा उल्लिखित क्षेत्रमा रहेको यस आयोजनाको संरचना लाङ्टाङ राष्ट्रिय निकुन्जमा पूर्ण वा आंशिक रुपमा पर्ने सम्बन्धमा चेक जाँच गरी जानकारी दिन हुन अनुरोध छ।

**तपशिल-१ (Coordinate system: Everest 1830)**

Latitude 28° 09' 05" to 28° 09' 49" &
Longitude 85° 20' 34" to 85° 22' 15"

**संलग्नः** आयोजनाको layout - १ पाना

(सुजन निरौला)
इन्जिनियर

**बोधार्थः**

१. श्री मल्टी इनर्जी डेभलपमेन्ट प्रा. लि. : *श्री राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागलाई आवस्यक विवरण उपलब्ध गराउन हुन*
फो नः ९८५१०३५७९४